# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १४५/२०७३/०७४

निर्णय नं. २७

जिल्ला मकवानपुर, आमभन्ज्याङ-३ निवासी हरि हुमागाई ............................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा....................................१ विपक्षी
सूचना अधिकारी, नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा ...............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला मकवानपुर, आमभन्ज्याङ-३ निवासी हरि हुमागाईले नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।१५ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडाको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. आ. ब. ०७२/७३ को अवधिमा नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा अन्तर्गतका शाखा कार्यालयले वितरण गरेको प्रत्येक फिडरको विद्युत वितरण, खपत युनिट र चुहावट युनिट कति हो ?

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।